

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान
## ई-बुलेटिन

वर्ष ४, अंक ८, मंसिर (मासिक)



प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. प्रद्युम्न कुमार कार्की

**सल्लाहकार**
प्र.ना.म.नि. राजेश कुमार लाल कर्ण
प्र.व.उ. भिम प्रसाद ढकाल

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.स.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. शैलेश खड्का
प्र.स.नि. धन बहादुर लामिछाने

**ले-आउट/ग्राफिक्स**
भुवन तिमिल्सैना

# विषय सूची


| | |
|---|---|
| विभागीय गतिविधि | १ – २ |
| मासिक अपराध तथ्याङ्क | ३ – ४ |
| प्रहरी सेवा प्रवाह | ४ – ६ |
| खोजतलास तथा समन्वय | ६ – ७ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | ७ – ८ |
| अपराध समाचार | ९–१४ |
| उत्कृष्ट अनुसन्धान | १५ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री इन्टरपोलको ८९औं महासभामा सहभागी भई स्वदेश फिर्ता



*काठमाडौं, १४ मंसिर*

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) महासचिवालयको आयोजनामा टर्कीको ईस्तानबुलमा मंसिर ७ देखि ९ गतेसम्म संचालन भएको इन्टरपोलको ८९औं महासभामा सहभागी भई स्वदेश फिर्ता हुनुभएको छ । सोही महासभामा सहभागी भई प्रहरी अतिरिक्त महानिरीक्षक प्रद्युम्न कुमार कार्की र प्रहरी उपरीक्षक सविन प्रधान समेत स्वदेश फिर्ता हुनुभएको छ। उहाँहरुलाई प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाही, प्रहरी नायव महानिरीक्षक लगायत वरिष्ठ प्रहरी अधिकृतहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा हार्दिक स्वागत गर्नुभयो।



८९औं महासभामार्फत दि फेडेरेटेड स्टेट्स अफ माईक्रोनेसियाले १९५ औं सदस्य राष्ट्रको रुपमा नयाँ सदस्यता प्राप्त गरेको छ। इन्टरपोलको ९०औं महासभा भारतको नयाँ दिल्लीमा आयोजना हुने निर्णय भएको र चालु महासभाले ९१औं महासभा अस्ट्रियाको राजधानी भियनामा आयोजना गर्ने निर्णय गरेको छ। महासभाले इन्टरपोल अध्यक्षमा युएईका Ahmed Nasser AL-RAISI, अफ्रिका महादेशका लागि उपाध्यक्षमा नाईजेरियाका Garba Baba UMAR र अमेरिका महादेशका लागि ब्राजिलका Valdecy URQUIZA तथा अफ्रिका लागि २ जना, अमेरिकाका लागि २ जना, एसियाका लागि २ जना र युरोपका लागि ३ जना गरी ९ जना कार्यकारी सदस्यहरू मनोनयन गरेको छ। महासभामा सहभागी १९५ इन्टरपोल सदस्य राष्ट्रका Head of NCB तथा प्रतिनिधिहरूले इन्टरपोलको कार्यकारी समिति सम्बन्धी कानुनी व्यवस्था, इन्टरपोलको रणनीतिक योजना २०२२-२०२५, कार्यक्रम तथा बजेट, कार्यनीतिक तथा रणनीति साझेदारी, बालबालिका विरुद्धका अपराध, साइबर क्राइम, आतंकवाद, मानव बेचबिखन जस्ता अपराध लगायतका विविध विषयमा छलफल भई महत्वपूर्ण प्रस्तावहरु पारित समेत भएको थियो।

साथै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले महासभाको दौरानमा भारत, यूएई, दक्षिण कोरिया, बंगलादेश, टर्की लगायतका मुलुकका प्रहरी प्रमुखहरुसँग छुट्टाछुट्टै भेटघाट गरी द्विपक्षीय हित तथा सहयोग आदानप्रदानका विषयमा छलफल समेत गर्नुभएको थियो।

## नवनिर्मित स्मार्ट पुलिस कन्ट्रोल रुम उद्घाटन

*ललितपुर, ७ मंसिर*



महानगरीय प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक उत्तमराज सुवेदीले महानगरीय प्रहरी परिसर ललितपुरमा नवनिर्मित स्मार्ट पुलिस कन्ट्रोल रुमको उद्घाटन गर्नुभएको छ।

उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक सुवेदीले स्मार्ट पुलिस कन्ट्रोल रुमको निर्माण कार्यमा सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई प्रशंसापत्र समेत प्रदान गर्नुभयो।

महानगरीय प्रहरी परिसर ललितपुरमा विभिन्न माध्यमबाट प्राप्त हुने विविध प्रकारका सूचनालाई छिटो एवं चुस्त रुपमा प्रहरी परिचालन गरी अपराध रोकथाम तथा नियन्त्रणका लागि गरिएका प्रहरी परिचालनको प्रकृया समेत कम्प्युटरमा अभिलेखीकृत हुने गरी उक्त कन्ट्रोल रुम निर्माण गरिएको उक्त परिसरले जनाएको छ।

## सुडानको डार्फरस्थित एफपियु मिसनबाट स्वदेश फिर्ता भएको प्रहरी टोलीलाई स्वागत



*काठमाडौं, ८ मंसिर*

निमित्त प्रहरी महानिरीक्षक प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाहीले संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ सुडानको डार्फरस्थित एफपियु यूनामिड मिसन १७ औं कन्टिन्जेन्टमा खटिई आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स्वदेश फिर्ता भएको प्रहरी टोलीलाई प्रहरी प्रधान कार्यालयमा स्वागत गर्नुभएको छ।

स्वागत कार्यक्रममा निमित्त प्रहरी महानिरीक्षक शाहीले संयुक्त राष्ट्र संघीय मिसनमा रहँदा मिसनको म्यान्डेट एवं संगठनले दिएको जिम्मेवारी उच्च कार्यकुशलता प्रदर्शन गर्दै अनुसाशित रुपले सम्पन्न गरी देश र प्रहरी संगठनको छविलाई उच्च बनाउने कार्य गरेको विश्वास व्यक्त गर्नुभयो। निमित्त प्रहरी महानिरीक्षक शाहीले मिसनमा रहेको अवस्थामा स्वदेशमा भएका गतिविधि, संगठनले लिएको नयाँ नीति, निर्देशन एवं भावी कार्ययोजना लगायतलाई अध्ययन गरी आफ्नो कार्यक्षेत्रमा खटिँदा थप व्यावसायिक र अनुसाशित भएर जिम्मेवारी वहन गर्न निर्देशन दिनुभयो। आगामी दिनमा समेत

आफ्नो स्वार्थलाई पछाडि राखेर संगठनको छविलाई अझ उच्च बनाउनेतर्फ अग्रसर हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

सो अवसरमा उक्त टोलीका कन्टिन्जेन्ट कमाण्डर प्रहरी वरिष्ठ उपरीक्षक सुरेन्द्र प्रसाद मैनालीले मिसनमा गरेका कार्यप्रगति विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्दै कन्टिन्जेन्टमा खटिएका १ सय ८० जना मध्ये ९६ जना गत जेठमा स्वदेश फर्केको, १ जना प्रहरी कार्यालय सहयोगी उमेश कुमार मेहत्तरले वीरगति प्राप्त गरेको र ८३ जना हालै स्वदेश फर्किएको जानकारी दिनुभयो। टोलीमा १ सय ४४ जना पुरुष र ३६ जना महिलाको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक विश्वराज पोखरेल, प्रहरी नायव महानिरीक्षकहरु लागायत वरिष्ठ प्रहरी अधिकृतहरुको समेत उपस्थिति रहेको थियो।

निमित्त प्रहरी महानिरीक्षक प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाहीले प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच उहाँहरुलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो।

समारोहमा निमित्त प्रहरी महानिरीक्षक शाहीले पदोन्नति पश्चात राज्य, नागरिक र संगठनप्रति उत्तरदायी भई नयाँ जिम्मेवारी अनुसार संगठनको आशा र भरोसा पूरा हुनेगरी काम गर्न निर्देशन दिनुभयो। पदोन्नतिले दर्जा अनुसारको जिम्मेवारी बढ्ने र संगठनप्रति थप उत्तरदायी हुनुपर्ने भएकोले प्राप्त अनुभव र जिम्मेवारीलाई संगठन र राज्यप्रति जवाफदेही भई बफादार रुपमा कार्य गर्नुपर्ने उहाँले बताउनुभयो। नागरिकले राज्यको तर्फबाट प्रहरीको उपस्थिति खोज्ने भएकोले संविधान र ऐन कानुनको अधिनमा रही प्राप्त जिम्मेवारी अनुसार भूमिका निर्वाह गरी नागरिकमा प्रहरीको उपस्थिति झल्काउनुपर्ने बताउनुभयो।

उक्त अवसरमा पदोन्नति भएका अधिकृतहरूको तर्फबाट मन्तब्य व्यक्त गर्दै प्रहरी नायव उपरीक्षक अनिश कुमार कर्णले मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा ईमानदारीताका साथ पदोन्नतिसँगै थपिएको जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

## नेपाल प्रहरी मोबाइल एपको प्रयोग तथा विशेषता सम्बन्धी दोस्रो समूहको अनुशिक्षण सम्पन्न



काठमाडौं, १३ मंसिर

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, कार्य विभाग एवम् प्रशासन विभागको अनुगमन तथा प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयको आयोजनामा 'नेपाल प्रहरी मोबाइल एप'को प्रयोग तथा विशेषता सम्बन्धी २ दिवसीय अनुशिक्षण सम्पन्न भएको छ।

अनुशिक्षण कार्यक्रममा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग सूचना प्रविधि निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक अरूण कुमार भण्डारी र प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रहरी प्रहरी वरिष्ठ उपरीक्षक टेक प्रसाद राई एवं सूचना प्रविधि निर्देशनालयका अन्य अधिकृतहरुले उक्त अवधिको छुट्टाछुट्टै सत्रमा नेपाल प्रहरी मोबाइल एपको प्रयोग, विशेषताहरु, फाइदाहरु तथा आम नागरिकले एप मार्फत प्रहरीलाई दिन सक्ने कुनै पनि घटना, अपराध लगायतका सूचनाहरुको विवरण तथा प्रहरी कर्मचारीहरुले एपको प्रयोगबाट लिन सक्ने सुबिधा सम्बन्धी जानकारी दिनुभएको थियो।

उक्त अवधिमा प्रहरी प्रधान कार्यालय लगायत देशभरबाट १ सय ३७ वटा प्रहरी कार्यालयका कार्यालय प्रमुख, सूचना अधिकृत, डिउटी अफिसर र घटना सम्बन्धी विवरण तथा अभिलेख व्यवस्थापनमा खटिएका कुल १ हजार १ सय ४७ जना प्रहरी कर्मचारीहरुलाई भर्चुल उपस्थितिमा उक्त अनुशिक्षण प्रदान गरिएको हो।





नेपाल प्रहरीको Area Of Responsibility (AOR) निकै बृहत् रहेको तथा सो अनुसार जनशक्ति न्यून रहेकोले सबै ठाउँमा प्रहरीको उपस्थिति असम्भव रहेको छ। यस अवस्थामा नेपाल प्रहरी मोबाइल एपले आम नागरिकलाई यी विभिन्न सामाजिक समस्याहरुको सूचना नेपाल प्रहरीलाई सजिलै उपलब्ध गराउन सक्ने Geographical Information System (GIS) मा आधारित वातावरण प्रदान गरेको छ। जसको प्रयोगले आम नागरिक आफू पीडित भएको अवस्थामा होस् वा कुनै घटनाको प्रत्यक्षदर्शी भएको बेला प्रहरीलाई स्थान सहितको सूचना प्रदान गर्न सक्षम भएको छ। प्रहरीलाई पनि सो स्थानमा छिटो छरितो रुपमा सहजै पुगी प्रहरी सेवामा चुस्तता ल्याउन मद्दत पुगेको छ। साथै नेपाल प्रहरी मोबाइल एपद्वारा अडियो, फोटो र भिडियो जस्ता प्रमाणजन्य सूचना प्राप्त गरी अपराध अनुसन्धानमा सहजताका साथै प्रहरी कार्यलाई अझै चुस्त राख्न समेत मद्दत पुगेको छ।

आ.व. २०७५/०७६ अन्तर्गत नेपाल प्रहरीले मोबाइल एपलाई प्रहरीको आन्तरिक प्रयोजनका लागि तथा आम नागरिकहरुले प्रहरीसँग सम्बन्धित घटना तथा अन्य जानकारी गराउन सक्ने प्रावधान सहित विकास गरेको थियो। हाल आधिकारिक रुपमा यस प्रणालीलाई १५ वटा जिल्लाहरुमा कार्यान्वयन गरिएको छ भने अन्य केही जिल्लाहरुमा समेत अनौपचारिक रुपमा प्रयोगमा ल्याईएको छ। नेपाल प्रहरीको आन्तरिक प्रयोजन अन्तर्गत यस प्रणाली मार्फत Nepol.cd, PMIS profile, Geo-attendence, Police Calender, GPS Tracker, Patrolling जस्ता सुविधाहरु छन्। आमनागरिकका लागि Report incident/Public Eye मार्फत आफू पीडित भएको अवस्थामा वा कुनै घटनाको प्रत्यक्षदर्शी भएको बेला प्रहरीलाई स्थान सहितको सूचना प्रदान गर्ने व्यवस्था रहेको र Panic Mode अन्तर्गत आकस्मिक रुपमा प्रहरीबाट सहयोग चाहिएको खण्डमा उक्त Feature Enable गरे लगत्तै नेपाल प्रहरीले म्बकजदयबचम मा सो व्यक्तिको सम्पर्क नम्बर तथा स्थान सहितको सूचना प्राप्त भई सम्बन्धित स्थानमा प्रहरी सहजै पुग्न सक्दछ।

साथै मोबाइल एपमा नेपाल प्रहरीका कर्मचारी तथा आम नागरिक दुवैलाई सहज हुने गरी News, Guidelines, Police Station Nearby, FM Station एवम् E-compliant जस्ता सुविधा रहेका छन्। गुगल प्लेस्टोर र एप्पल स्टोरबाट उक्त मोबाइल एप डाउनलोड गरी सुविधा प्रयोग गर्न सम्पूर्ण प्रहरी कर्मचारी तथा आम नागरिकलाई प्रहरी प्रधान कार्यायल अनुरोध समेत गर्दछ।

# मासिक अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको मंसिर महिनाको अपराध तथ्याङ्क प्रस्तुति




## मंसिर महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण


| सि.नं. | प्रदेश/महानगरिय/ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना |
|---|---|---|---|---|
| १. | महानगरीय प्रहरी कार्यालय, रानीपोखरी | १३ | ३ वर्ष ६ महिना १५ दिन | रु.१,४२,३४,२३०।- |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | १२२ | ३९ वर्ष १७ दिन | रु.१९,८७,५२३।- |
| ३. | २ नं. प्रदेश प्रहरी कार्यालय, जनकपुर | ६२ | ४२ वर्ष ५ महिना १२ दिन | रु.११,३२,१५३।- |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ६९ | १७९ वर्ष २ महिना १२ दिन | रु.५९,९४,६०५।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ६४ | १८ वर्ष ४ महिना १६ दिन | रु.११,०१,३२५।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ५३ | २४ वर्ष १ महिना २७ दिन | रु.४,३७,०१७।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ६ | ७ वर्ष २ महिना ७ दिन | रु.५,५००।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ० | - | - |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ५ | ३ वर्ष २२ दिन | रु.१,०९,१५,०००।- |
| | **जम्मा** | ३९४ जना | ३१७ वर्ष ८ दिन | रु.३,५८,०७,३५३।- |

## मंसिर महिनाको लागू औषध कारोबारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





# प्रहरी सेवा प्रवाह

## मंसिर महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




# सामुदायिक प्रहरी गतिविधि

**मंसिर महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ३७ कार्यक्रमहरू)**




## मंसिर महिनामा गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ७६ कार्यक्रमहरू "लागू औषध दुर्व्य सन रोक्न सीमा क्षेत्र र स्थान विशेष अभियान सञ्चालन"



# आसरा सुधार केन्द्र

### मंसिर महिनाको लागु औषध सेवनकर्ता उपचार विवरण


| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा साधार केन्द्र रानीबारी | ४१ जना | ३३ जना | ११७ जना |
| २ | महिला आसरा सुधार केन्द्र तिलगंगा | २ जना | ४ जना | १० जना |

### मंसिर महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | २ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | १२ जना |
| ३ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ३१०२ जना |

# खोजतलास तथा समन्वय

### मंसिर महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण



## मंसिरमा महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धि विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## साईबर ब्युरो

- साईबर ब्यूरोमा कात्तिक महिनामा २९३ वटा निवेदन प्राप्त भएकोमा मंसिर महिनामा १२७ सहित कार्तिक महिनाको समेत गरि जम्मा ३७० वटा निवेदनको काम सम्पन्न (ID बन्द) भएको र अन्य अनुसन्धानका क्रममा रहेको ।


- मंसिर महिनामा बिद्युतिय कारोवार ऐन, २०६३ अन्तर्गत १२ वटा मुद्धा दर्ता ।

## डिजिटल फरेन्सिक ल्याव

मंसिर महिनामा (जवरजस्ती करणी, लागु औषध, आपराधिक लाभ, चोरी, मानबबेचबिखन, आत्महत्या दुरुत्साहन, विधुतिय कारोबार, ज्यान सम्वन्धी कसुर अन्तर्गतका) ७५ वटा मुद्धाको ३६५ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा

मंसिर महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ६८७ केशहरु र ३५४२ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी ७५१ केश परीक्षण गरिएको।
- Automated Fingerprint Identification System मा १३६३ data entry भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज





# अपराध समाचार

## कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त पक्राउ

*मोरङ, २० मंसिर*

बुढीगंगा गाउँपालिका-६ बस्ने धनकुटा पाख्रीवास नगरपालिका-४ घर भएका २६ वर्षीय रिजन दाहालको धारिलो हतियार खुकुरी प्रहारबाट हत्या भएको घटनामा संलग्न ४ जना फरार अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सुन्दरहरैचा नगरपालिका-७ बस्ने २१ वर्षीय बिक्रम खड्का, बुढीगंगा गाउँपालिका-६ बस्ने २४ वर्षीय ईश्वर लिम्बु, सोही ठाउँ बस्ने २० वर्षीय सुदिप उराउ र १८ वर्षीय किशोर रहेका छन्। त्यसैगरी उर्लाबारी नगरपालिका-८ राजघाट चौधरी टोल बस्ने १७ वर्षीय अभिषेक चौधरीको हत्या गरी फरार रहेका सोही ठाउँ बस्ने २६ वर्षीय संजोग अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। गत साउन ११ गते फुटबल खेल्ने निहुँमा संजोगले धारिलो हतियार प्रहार गर्दा घाइते भएका अभिषकको बिएण्डसि अस्पताल बिर्तामोड झापामा उपचारको क्रममा मृत्यु भएको थियो। घटनापछि फरार रहेका उनलाई ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

यसैगरी बुढिगंगा गाउँपालिका-७ मा धनकुटा पाख्रीबास नगरपालिका-४ बस्ने २६ वर्षीय रिजन दाहालको हत्या गरी फरार रहेका सुनसरी ईटहरी उपमहानगरपालिका-११ भागलपुर बस्ने २२ वर्षीय राजु तमाङलाई प्रहरीले पक्राउ गरेको छ। गत कात्तिक २८ गते बेलुकी पुरानो रिसिवीका कारण राजुले रिजनलाई खुकुरी प्रहार गरी घाइते बनाएकोमा उपचारको क्रममा रिजनको मृत्यु भएको थियो। तत्काल फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

त्यस्तै कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बुढिगंगा गाउँपालिका-६ डल्लेपुल बस्ने २६ वर्षीय धन बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। बुढिगंगा गाउँपालिका-७ स्थितमा गत कार्तिक २८ गते धनकुटा पाख्रीबास नगरपालिका-४ बस्ने २६ वर्षीय रिजन दाहाललाई पुरानो रिसिवीका कारण धारिलो हतियार खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो। तत्काल फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले मोरङ सुनवर्षी नगरपालिका-८ सिक्टी एरियाबाट फेला पारी पक्राउ गरेको हो।

*कैलाली, १७ मंसिर*

सौताको छोरालाई बिषादी खुवाई हत्या गरी फरार रहेकी बाजुरा खप्तड छेडेदह गाउँपालिका-२ घर भएकी कैलाली धनगढी उप(महानगरपालिका-२ मालिका टोल डेरा गरी बस्ने ३५ वर्षीया मागी रोकायालाई प्रहरीले पक्राउ गरेको छ।

भारतमा रहेका मागीका श्रीमान ३५ वर्षीय बहादुर रोकायाले मंसिर २ गते आफन्तलाई फोन गरी मागी रोकाया सम्पर्क विहीन भएकोले डेरा कोठामा गई बुझी दिन भनि खबर गरेकोमा उनका आफन्तले उक्त डेरा कोठामा बालकको खुट्टामात्र अगाडिको झ्यालबाट देखिएको र कोठामा कोही नभएको भनी प्रहरी कार्यालयमा जानकारी गराएपछि खटिएको प्रहरीले हेर्दा मागीका सौताको छोरा धनगढी उपमहानगरपालिका-२ स्थित हिमालय एकेडमीमा अध्ययनरत १० वर्षीय निशान्त थापामगरको शव फेला परेको थियो।

थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय कैलालीबाट थप प्रहरी टोली खटिई फरार रहेकी मागी रोकायाको खोजी भईरहेकोमा उनी भारतको हरियाणामा रहेको जानकारी प्राप्त भएपछि भारतीय प्रहरीको सहयोग र समन्वयमा मागीलाई भारतको हरियाणा रोहतक प्रेम चोकमा फेला पारी नेपाल ल्याई पक्राउ गरेको हो।

## हत्या गरेको अभियोगमा पक्राउ

*पाल्पा, १० मंसिर*

आफ्नै ६० वर्षीया आमा मेनु सारुको कुटपिट गरी हत्या गरेको अभियोगमा रिब्दिकोट गाउँपालिका-८ पेलाचौर बस्ने ४३ वर्षीय कृष्ण सारुलाई प्रहरीले पक्राउ गरेको छ।

मादक पदार्थ सेवन गरी सारुले आफ्नै आमालाई सालको काठले प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पाल्पा र ईलाका प्रहरी कार्यालय मुझुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*बझाङ, १२ मंसिर*

जयपृथ्वी नगरपालिका-७ ज्वाडा बस्ने ४६ वर्षीय पिरू भण्डारीको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २३ वर्षीय दिपेन्द्र थापालाई प्रहरीले पक्राउ गरेको छ।

रोजगारीको लागि भारततर्फ जाँदै गरेका छोरालाई सडकसम्म गएर बस चढाई घरतर्फ फर्किने क्रममा मादक पदार्थ सेवन गरेका पीरूले सोही ठाउँस्थित दिपेन्द्रको पानी घट्टभित्र दिपेन्द्रलाई गालीगलोज गरेको र दिपेन्द्रले सम्झाउँदा उल्टै बलेको अगुल्टोले प्रहार गरेपश्चात दिपेन्द्रले कुटपिट गर्दै वाहिर धकेल्दा पछारिई घाइते भएका पीरूको उपचारको लागि जिल्ला अस्पताल बझाङ पुर्‍याउँदा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको प्रहरीले दिपेन्द्रलाई पक्राउ गरेको हो।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ।

*ललितपुर, २० मंसिर*

आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा ललितपुर महानगरपालिका-१० कुपण्डोल डेरा गरी बस्ने रामेछाप मन्थली नगरपालिका-१२ गेलु घर भएका ३५ वर्षीय एक्काराज भुजेललाई प्रहरीले पक्राउ गरेको छ।

उनकी श्रीमती ३५ वर्षीया जानुका भुजेल आफ्नै कोठामा मंसिर १६ गते मृत अवस्थामा फेला परेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा एक्काराजले घाँटीमा कपडाले कसी कर्तव्य गरी मारेको खुल्न आएपश्चात उनलाई प्रहरीले पक्राउ गरेको हो।

उनी उपर कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर ललितपुरले जनाएको छ।

*रौतहट, २१ मंसिर*

चन्द्रपुर नगरपालिका-१ मंगलपुर बस्ने २८ वर्षीय गोपाल थिङको कुटपिट गरी हत्या गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा उनकै दाइ ३५ वर्षीय रविन्द्र थिङ, माईजु नाता पर्ने ४२ वर्षीया दुधिमाया पाख्रिन र काठमाडौं घर भएका मामा नाता पर्ने ३९ वर्षीय आशिश पाख्रिन रहेका छन्।

मंगलपुरमा कुटपिटबाट मानिसको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चपुर र प्रहरी चौकी पौराहीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

*सुनसरी, २१ मंसिर*

ईटहरी उपमहानगरपालिका-४ बस्ने ५१ वर्षीय श्रीमुरारी गिरीको हत्या गरेको अभियोगमा उनकै सालो भोजपुर हतुवागढी गाउँपालिका घर भएका १९ वर्षीय अर्जुन राईलाई प्रहरीले पक्राउ गरेको छ।

भिनाजुकै घरमा बस्दै आएका राईले छुरा प्रहार गर्दा गम्भीर घाइते भएका गिरीको बिराटनगर नोवेल हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले राईलाई पक्राउ गरेको हो।

## एसिड प्रहार गरी घाइते बनाएको अभियोगमा पक्राउ

*सोलुखुम्बु, ७ मंसिर*

आफ्नै २५ वर्षीय छोरा समेत २ जनालाई एसिड प्रहार गरी घाइते बनाएको अभियोगमा सोलु दुधकुण्ड नगरपालिका-५ सल्लेरी बस्ने ५० वर्षीय मोहन बराईलीलाई प्रहरीले पक्राउ गरेको छ।

मादक पदार्थ सेवन गरी मोहनले एसिड प्रहार गर्दा २ जना घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। घाइते दुवै जनालाई जिल्ला अस्पताल फाप्लु हुँदै थप उपचारको लागि बीर अस्पताल काठमाडौं रिफर गरिएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिबादी पक्राउ

*काठमाडौं, ८ मंसिर*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ललितपुर सानागाउँ बस्ने काठमाडौं महानगरपालिका-१० घर भएका ५१ वर्षीय दुर्गा शाही सापाई प्रहरीले प्रकाउ गरेको छ।

उच्च अदालत पाटनको २०७७ मंसिर १६ गतेको फैसलाले उक्त मुद्दामा ७ दिन कैद र १३ लाख ६५ हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले ललितपुर सानागाउँबाट पक्राउ गरेको हो। आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी हिमालयन बैंक लिमिटेडको चेक काटी दिई बैंकिङ् कसूरजन्य अपराध गरेको ठहर गरी अदालतले उक्त फैसला गरेको थियो।

उनलाई फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको उक्त ब्यूरोले जनाएको छ।

*मोरङ, २६ मंसिर*

बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी सुनसरी धरान उपमहानगरपालिका-७ की ५० वर्षीया सुनिला याखालाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत बिराटनगरको २०७८ बैशाख १६ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा १ वर्ष ६ महिना कैद र नगद ५ लाख ८ हजार ३ सय ३८ रुपैयाँ ३३ पैसा जरिवाना ठहर भई फरार रहेकी उनलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनकै गाउँ घरमा लुकिछिपि बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत सुनसरीमा दाखिला गराई कारागार चलान गरिएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

*काठमाडौं, २८ मंसिर*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ललितपुर महानगरपालिका-२१ ललितपुर बस्ने ४२ वर्षीय अमर महर्जनलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त मुद्दामा उच्च अदालत पाटनबाट २०७८ असोज ८ गतेको फैसलाले ४ दिन कैद र ४५ लाख ५० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं शंखमुलबाट पक्राउ गरेको हो।

महर्जनले आफ्नो खातामा पर्याप्त मौज्दात नभएको भन्ने जानी जानी पीडितहरूलाई झुक्यानमा पारी २०७५ असोज २४ गते मेगा बैंक लिमिटेडको चेकहरु दिई बैंकिङ कसूरजन्य अपराध गरेको ठहर गरी अदालतले उक्त फैसला गरेको थियो।

*काठमाडौं, १८ मंसिर*

चन्द्रागिरी नगरपालिका-१२ चुनदेवी चोकस्थित काठमाडौं चन्द्रागिरी बहुउद्धेश्यीय सहकारी लिमिटेडबाट नगद ४ लाख रुपैयाँ चोरी भएको छ। चोरीमा संलग्न हाल फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## संरक्षित वन्यजन्तु भालुको पित्त सहित ४ जना पक्राउ

*काठमाडौं, २४ मंसिर*

संरक्षित वन्यजन्तु भालुको पित्त (आखेटोपहार) जस्तो देखिने ६० ग्राम तौल भएको १ थान वस्तु सहित ४ जनालाई काठमाडौं महानगरपालिका-१५ चमतीबाट प्रहरी गरेको छ।

पक्राउ पर्नेहरूमा पाल्पा माथागढी गाउँपालिका-५ सत्यवती बस्ने २० वर्षीय विशाल सुनारी, रुकुम पश्चिम मुसीकोट नगरपालिका-१० खड्काटोल बस्ने ४६ वर्षीय हरि बहादुर खड्का, पाल्पा तानसेन नगरपालिका-१० गाबुडाँडा बस्ने ३२ वर्षीय टोप बहादुर राना र रौतहट चन्द्र निगाहापुर नगरपालिका-५ मंगलपुर दोभानटोल बस्ने २९ वर्षीय धन बहादुर विश्वकर्मा रहेका छन्।

## ४४ लिटर रक्तचन्दनको तेल सहित २ जना पक्राउ

*काठमाडौं, १७ मंसिर*

रक्तचन्दनको तेलको अवैध कारोबार गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिकालिटर ४४पञ्चकुमारी मन्दिर नजिकबाट ५-जनालाई प्रहरीले पक्राउ गरेको छ। २रक्तचन्दनको तेल सहित

पक्राउ पर्नेहरुमा काठमाडौं बालाजु बस्ने रामेछाप उमाकुण्ड गाउँपालिकावर्षीय राम बहादुर खत्री र काठमाडौं २७घर भएका ४--बुढानिलकण्ठ नगरपालिका५ बस्ने कास्की लेखनाथ घर भएका ४० वर्षीय गंगा बहादुर पुन रहेका छन्।

रक्तचन्दनको तेल प्रति लिटर नगद ५ लाख रुपैयाँको दरले अवैध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त तेल सहित फेला पारी पक्राउ गरेको हो।

त्यस्तै रक्तचन्दनको तेलको अबैध कारोबारमा संलग्न रहेको अभियोगमा १० जनालाई ३३ लिटर रक्तचन्दनको सुगन्धित तेल सहित प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेहरुमा काठमाडौं बानियाटार बस्ने सिन्धुली हरिहरपुर गाउँपालिका-४ घर भएका ५० वर्षीय हेम कुमार श्रेष्ठ, ललितपुर सानुगाउँ बस्ने मकवानपुर गढी गाउँपालिका-१ घर भएका नवीन भन्ने ३९ वर्षीय मंगल सिंह लो, काठमाडौं टोखा नगरपालिका-४ बस्ने ३७ वर्षीय ईक्रम श्रेष्ठ, भक्तपुर

दुवाकोट बस्ने काभ्रे बनेपा नगरपालिका-४ घर भएका ३१ वर्षीय कार्साङ्ग लामा, काठमाडौं महाराजगंज बस्ने खोटाङ हलेसी नगरपालिका-६ घर भएका २३ वर्षीय घनश्याम आले मगर, काठमाडौं महानगरपालिका-८ तिलगंगा बस्ने ५१ वर्षीय मदन पोडे, काठमाडौं चावहिल बस्ने खोटाङ हलेसी नगरपालिका-९ घर भएका २० वर्षीय जीवन थापा, काठमाडौं सामाखुसी बस्ने तनँहु भानू नगरपालिका-६ घर भएका २५ वर्षीय सुदिप थडराई, काठमाडौं महानगरपालिका-१३ छाउनी घर भएका ५३ वर्षीय अनिल चरण श्रेष्ठ र सोही ठाउँ घर भएका ५१ वर्षीय अनुप कुमार श्रेष्ठ रहेका छन्।

## ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १३ मंसिर*

जबरजस्ती करणी उद्योग मुद्दाका प्रतिवादीलाई छुटाईदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-१० बस्ने काभ्रे पनौती नगरपालिका-१० घर भएकी २७ वर्षीया रबिना थापालाई प्रहरीले पक्राउ गरेको छ।

जबरजस्ती करणी उद्योग मुद्दामा गत असार १८ गते पक्राउ परी हाल पुर्पक्षको लागि डिल्लीबजार कारागार चारखालमा थुनामा रहेका चाईनिज नागरिक लिउ युईलाई थुनामुक्त गराई दिन्छौं भनि प्रतिवादीकी श्रीमतीबाट २० लाख रुपैयाँ रकम लिई ठगी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१५ छाउनीबाट पक्राउ गरेको हो।

रविना समेतका २ महिलाहरूले आफ्नो मान्छे वकिल छन् उनले न्यायाधीश, वकिल सबै चिनेका छन्, सेटिङ मिलाई थुनामा रहेका तपाईंको श्रीमानलाई धरौटीमा छुटाई दिने र सेटिङ गर्नको लागि खर्च लाग्छ भने अनुसारको रकम दिँदै जानु भनि प्रतिवादीकी श्रीमतीलाई विश्वास दिलाई प्रलोभनमा पारी उक्त रकम ठगी गरेको खुल्न आएको छ।

## रेडपाण्डाको जस्तो देखिने छाला सहित २ जना पक्राउ

*जाजरकोट, १७ मंसिर*

बारेकोट गाउँपालिकासेपुखोलास्थित कौशीला कटेज एण्ड ८-जनालाई प्रहरीले २थान सहित १को जस्तो देखिने छाला रेष्टुरेन्टबाट रेडपाण्डा -पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही गाउँपालिका३ बस्ने ३५ वर्षीय लोक बहादुर रोकाय र सोही ठाउँ बस्ने २० वर्षीय गोरख बहादुर रोकाय रहका छन्। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बाघको जस्तो देखिने दाँत र श्रोत नखुलेको नगद सहित पक्राउ



*मकवानपुर, ११ मंसिर*

हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट बाघको जस्तो देखिने दाँत १ थान र श्रोत नखुलेको नगद १ लाख ५२ हजार रुपैयाँ सहित सोही उपमहानगरपालिका-६ बस्ने ५९ वर्षीय भिम रावतलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनलाई उक्त दाँत र नगद सहित फेला पारी पक्राउ गरेको हो।

उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला वन कार्यालय पठाइने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

## सुन कछुवा सहित पक्राउ

*काठमाडौं, १२ मंसिर*

काठमाडौं महानगरपालिका-१३ सोल्टी दोबाटोबाट १ थान पहेंलो सुन कछुवा र नगद ३६ हजार ६ सय ५५ रुपैयाँ सहित सोही महानगरपालिका-१६ बालाजु बस्ने ४४ वर्षीय सञ्जय तामाङ लगायत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।



पहेंलो सुन कछुवा अबैध रुपमा बिक्री गरिरहेको भन्ने जानकारी प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त कछुवा सहित फेला पारी पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*गुल्मी, १ मंसिर*

१३ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा ईस्मा गाउँपालिका-३ दौवा बस्ने १९ वर्षीय कृष्ण मुखियालाई प्रहरीले पक्राउ गरेको छ। कृष्णले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी ईश्माबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*भक्तपुर, ४ मंसिर*

३१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा चाँगुनारायण नगरपालिका-५ छालिङ बस्ने २० वर्षीय नितेश दथेपुथेलाई प्रहरीले पक्राउ गरेको छ।

नितेशले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

*भोजपुर, ५ मंसिर*

१९ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा पौवादुङ्मा गाउँपालिका-२ खेसाङ बस्ने १९ वर्षीय वीर बहादुर पहाडीलाई प्रहरीले पक्राउ गरेको छ। वीर बहादुरले ती किशोरीलाई बेलुकी जबरजस्ती करणी गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बास्तीमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*तेह्रथुम, ७ मंसिर*

३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा फेदाप गाउँपालिका-२ सिलगुडी बस्ने ३८ वर्षीय खगेन्द्र भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ।

खगेन्द्रले ती महिलालाई बारीमा गएको अवस्थामा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी ओयाक्जुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*काठमाडौं, १० मंसिर*

पर्सा, १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा जगरनाथपुर गाउँपालिका-१ पिडारीगुठी बस्ने २१ वर्षीय अब्दुल कादिर अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ । ती किशोरीलाई गर्ने, शहर लगी घुमाई दिने, सिनेमा देखाइ दिने तथा राम्रा लुगा कपडाहरू खरिद गरिदिने जस्ता विभिन्न प्रलोभन देखाई गत जेठ १० गतेदेखि असोज ६ गतेसम्म विभिन्न स्थान तथा खेतमा लगी अन्सारीले पटकपटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जबरजस्ती करणी सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

*काठमाडौं, १४ मंसिर*

काठमाडौं, १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दक्षिणकाली नगरपालिका-६ बस्ने धनुषा गणेशमानचारनाथ नगरपालिका-१ घर भएका २२ वर्षीय जित बहादुर बुढाथोकी लगायत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । दक्षिणकाली नगरपालिका-६ स्थित पार्किङ गरी राखेको टिपरमा किशोरीलाई उनीहरुले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय फर्पिङबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

यसैगरी १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा पर्सा जीराभवानी गाउँपालिका-२ बस्ने २० वर्षीय प्रभु साह कानुलाई प्रहरीले पक्राउ गरेको छ । ती किशोरीका अभिभावक उपचारको क्रममा वीरगंज गएको अवस्थामा र स-साना भाइबहिनीहरू मात्र भएको मौका छोपी कानुले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने सूचनाका आधारमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जबरजस्ती करणी कसूरमा ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*काठमाडौं, २४ मंसिर*

नुवाकोट, १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा ककनी गाउँपालिका-२ कोल्पु बस्ने ४९ वर्षीय साहु कान्छा भन्ने सानुकान्छा बलामीलाई प्रहरीले पक्राउ गरेको छ । बलामीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी ओखरपौवा र प्रहरी चौकी ककनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उदयपुर, ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा त्रियुगा नगरपालिका-१० बस्ने ६० वर्षीय टेक बहादुर सार्कीलाई प्रहरीले पक्राउ गरेको छ । सार्कीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । दुवै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी २१ वर्षपछि पक्राउ

*काठमाडौं, २४ मंसिर*

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी ललितपुर महानगरपालिका-१८ ठेगाना भएका ४१ वर्षीय राजु थापालाई प्रहरीले पक्राउ गरेको छ ।

जबरजस्ती करणी मुद्दामा उच्च अदालत पाटनको २०५७ असार २३ गतेको फैसलाले ३ वर्ष कैद ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले ललितपुर झम्सीखेलबाट पक्राउ गरेको हो ।

८ वर्षीया बालिकालाई तत्काल २० वर्षीय थापाले २०५५ जेठ १२ गते घरमा कोही नभएको मौका छोपी करणी गर्न नदिएमा मारिदिने र दिएमा १० रुपैयाँ दिने भनि जवरजस्ती करणी गरेको मुद्दामा उनी उपर अदालतले उक्त फैसला गरेको थियो ।

*भक्तपुर, २५ मंसिर*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिन्धुली फिक्कल गाउँपालिका-४ घर भएका मध्यपुर ठिमी नगरपालिका-२ धुन्चेपाखा साईबर चोकस्थित हार्डवयर पसलमा काम गरी बस्ने २३ वर्षीय आकाश नेपालीलाई प्रहरीले पक्राउ गरेको छ ।

आकाशले आफ्नै कोठामा लगेर ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग सानोठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## सामाजिक सञ्जाल मार्फत चरित्र हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ३ मंसिर*

सामाजिक सञ्जालहरु इन्स्टाग्राम तथा फेसबुक मार्फत नाबालिका र युवतीहरुको चरित्र हत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-१२ भोटेबहाल बस्ने २० वर्षीय लव खड्गीलाई प्रहरीले पक्राउ गरेको छ ।

खड्गीले नाबालिका र युवतीलाई साथी बनाई डर, धाकधम्की देखाई नग्न तस्वीर तथा भिडियो पठाउन लगाइ दुस्ख हैरानी दिई सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्र हत्या गर्ने कार्य गरेको पाइएपछि प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भईरहेको उक्त ब्यूरोले जनाएको छ ।

## एसिड प्रहार गरी घाइते बनाएको अभियोगमा पक्राउ

*सोलुखुम्बु, ७ मंसिर*

आफ्नै २५ वर्षीय छोरा समेत २ जनालाई एसिड प्रहार गरी घाइते बनाएको अभियोगमा सोलु दुधकुण्ड नगरपालिका ५० सल्लेरी बस्ने ५- वर्षीय मोहन बराईलीलाई प्रहरीले पक्राउ गरेको छ ।

मादक पदार्थ सेवन गरी मोहनले एसिड प्रहार गर्दा २ जना घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइते दुवै जनालाई जिल्ला अस्पताल फाप्लु हुँदै थप उपचारको लागि बीर अस्पताल काठमाडौं रिफर गरिएको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## वन पैदवार चोरी निकासी मुद्दाका फरार प्रतिवादी पक्राउ

*मोरङ, ९ मंसिर*

वन पैदवार चोरी निकासी मुद्दाका फरार प्रतिवादी मिक्लाजुङ्ग गाउँपालिकावर्षीय राज कुमार गौतमलाई ४५बस्ने ५- प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत विराटनगर मोरङको २०६९ वैशाख २८ गतेको फैसलाले वन पैदवार चोरी निकासी मुद्दामा ४ लाख २३ हजार ८५ रुपैयाँ जरिवाना ठहर भई फरार भएका उनलाई ईलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

उनलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत मोरङ विराटनगरमा पेश गरिएकोमा अदालतको आदेशले फैसला कार्यान्वयनका लागि मोरङ कारागार कार्यालय विराटनगर चलान गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# अवैध लागूऔषध सहित पक्राउ

## अवैध लागूऔषध ब्राउनसुगर सहित पक्राउ

*कैलाली, ७ मंसिर*

धनगढी उपमहानगरपालिका-२ त्रिनगरबाट ७ ग्राम ९ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने २६ वर्षीय सन्देश बोगटी र सोही उपमहानगरपालिका-१ बस्ने ३० वर्षीय बिजय मगराती रहेका छन्। लु.४५ प २६५३ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो।

*दाङ, ७ मंसिर*

लमही नगरपालिका-९ अमलीयाबाट करिब ४५ ग्राम अवैध लागूऔषध ब्राउन सुगर सहित भारत बराईन बस्ने २८ वर्षीय नईमलाई प्रहरीले पक्राउ गरेको छ।

अमलीयास्थित सडकमा जिल्ला प्रहरी कार्यालय घोराहीबाट खटिएको प्रहरीले पैदल आउँदै गरेका नईमलाई जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*कञ्चनपुर, ९ मंसिर*

भिमदत्त नगरपालिका-७ हल्दुखालबाट १ ग्राम १ सय ६० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित सोही नगरपालिका-१८ कटान बस्ने २८ वर्षीय प्रकाश नाथलाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले उनलाई जाँच गर्ने क्रममा उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*बाँके, २२ मंसिर*

नेपालगञ्ज उपमहानगरपालिका-१२ रंगशाला अगाडिबाट करिब ३ ग्राम अवैध लागूऔषध ब्राउन सुगर सहित सोही उपमहानगरपालिका-१८ कारकादो बस्ने कृष्ण घर्ती क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगञ्जबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्नेक्रममा कृष्णको साथबाट उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो।

## अवैध लागूऔषध गाँजा सहित पक्राउ

*काठमाडौं, ४ मंसिर*

**भक्तपुर,** चाँगुनारायण नगरपालिका-६ नगरकोटबाट करिब ८ केजी ३ सय ग्राम अवैध लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने ६५ वर्षीया ठुली माया मोक्तान लगायत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

**पर्सा,** वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट नियन्त्रित लागूऔषध नुफिन ५७ एम्पुल, फेनारगन ५७ एम्पुल, डाइजेपाम ५७ एम्पुल र ईनजेक्सन २ पिस सहित मकवानपुर हेटौंडा उपमहानगरपालिका-८ बस्ने १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी ईनर्वा र सशस्त्र प्रहरी बल बिओपी पर्साबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

*काठमाडौं, १० मंसिर*

कास्की, पोखरा महानगरपालिका-३२ मझुवाबाट करिब ३ किलो अवैध लागूऔषध गाँजा सहित सोही महानगरपालिका-१३ मियाँपाटन बस्ने २६ वर्षीय गोपी नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौंबाट पोखरातर्फ जाँदै गरेको ग.१ ख ८८११ नम्बरको बसलाई वडा प्रहरी कार्यालय गगनगौंडाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

## अवैध लागूऔषध २ किलो ५ सय ग्राम चरेश सहित पक्राउ

*पर्सा, १३ मंसिर*

वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट २ किलो ५ सय ग्राम अवैध लागूऔषध चरेश सहित भारत विहार मोतिहारी नवकाटोला-८ बस्ने ६५ वर्षीय रामबालक साहलाई प्रहरीले पक्राउ गरेको छ।

वीरगंजबाट भारतको रक्सौलतर्फ साइकलमा जाँदै गरेका उनलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा प्याकेट बनाई शरीरमा बाँधी लुकाई ल्याएको उक्त चरेश सहित फेला पारी पक्राउ गरेको हो। उनी उपर लागूऔषध सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## लागूऔषध मुद्दाका फरार प्रतिवादी पक्राउ

*मोरङ, १२ मंसिर*

लागूऔषध मुद्दाका फरार प्रतिवादी सुनसरी ईटहरी उपमहानगरपालिका-१ बस्ने ४२ वर्षीय रामप्रवेश बिकलाई प्रहरीले पक्राउ गरेको छ।

मोरङ जिल्ला अदालत विराटनगर मोरङको २०७५ फागुन १५ गतेको फैसलाले लागूऔषध मुद्दामा २ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना ठहर भई फरार भएका बिकलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

उनलाई मोरङ जिल्ला अदालत विराटनगरमा पेश गरिएकोमा अदालतको आदेशले कारागार कार्यालय विराटनगर पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## नियन्त्रित लागूऔषध र भन्सार छलिका कपडा सहित ट्रक बरामद

*काठमाडौं, ११ मंसिर*

चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गास्थित सडकमा रोकी राखेको एचआर ५५ एन ९३५२ नम्बरप्लेटको भारतीय ट्रकबाट नियन्त्रित लागूऔषध नुर्फिन ६ हजार एम्पुल, फेनारगन ६ हजार एम्पुल, डाईजेपाम ६ हजार एम्पुल, १० हजार ७ सय ५० केजी आलु र ९१ वटा बोरामा रहेको करिब ९४ लाख ७७ हजार मूल्य बराबरको विभिन्न किसिमका कपडा प्रहरीले बरामद गरेको छ।

महानगरीय प्रहरी वृत्त थानकोट र महानगरीय प्रहरी प्रभाग नागढुंगाबाट खटिएको संयुक्त प्रहरीले उक्त ट्रकलाई खानतलासी गर्दा उक्त नियन्त्रित लागूऔषध तथा कपडा फेला पारी बरामद गरेको हो।

बरामद सामान आवश्यक कारवाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको र नियन्त्रित लागूऔषध र ट्रक उपर लागूऔषध नियन्त्रण ऐन बमोजिम थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी वृत्त थानकोटले जनाएको छ।




"Say No To Drugs"

-Nepal Police






# उत्कृष्ट अनुसन्धान

## जबरजस्ती करणी गर्ने अभियुक्त कारागार चलान

मिति २०७८।०७।१८ गते दिनको अं.१३:०० बजेको समयमा, जिल्ला म्याग्दी मंगला गाउँपालिका वडा नं.०५ बस्ने बर्ष ४७ का थम बहादुर वि.क.ले आफु बस्दै आएको गोठको उपल्लो तलाको कोठामा बर्ष ७ की परिवर्तित नामथर ४७ (२०) लाई फिलिम हेर्न जाम भनी ललाई फकाई बिस्तारामा लगी सुताई जबरजस्ती करणी गरेको भनी मिति २०७८।०८।०४ गते ई.प्र.का.दरवाङ म्याग्दीमा खबर प्राप्त हुँदा साथ तत्कालै ई.प्र.का.दरवाङ म्याग्दीबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी अनुसन्धान टोली उल्लेखित स्थानमा खटिई गई उक्त घटनामा संलग्न निज थम बहादुर वि.क.लाई पक्राउ गरी घटनास्थल मुचुल्का समेतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी जबरजस्ती करणी मुद्दा शिर्षकमा मुद्दा दर्ता गरी पक्राउ मिति २०७८।०८।०४ गतेबाट लागु हुने गरी आज मिति २०७८।०८।०५ गते सम्मानित म्याग्दी जिल्ला अदालतबाट पहिलो पटक दिन ७ (सात) को म्याद थप गरी अनुसन्धान भईरहेकोमा सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी जि.स.व.का.म्याग्दी मार्फत समानित म्याग्दी जिल्ला अदालतमा मुद्दा पेश गरिएकोमा सम्मानित म्याग्दी जिल्ला अदालतको च.न.७६६ मिति २०७८।०८।२७ गतेको पत्रादेशानुसार प्रतिबादी थम बहादुर वि.क.लाई मुद्दा पुर्पक्षको लागी कारागार कार्यालय म्याग्दीमा थुनामा राख्न पठाईएको।

## कर्तव्य ज्यान तथा डाँका चोरीका अभियुक्त कारागार चलान

मिति २०७८।०७।१८ गते राती २१:१५ बजेको समयमा जि.सि.पा.हेलम्बु गा.पा.वडा नं. १ बस्ने वर्ष ७३ को केसाङ लामालाई प्रतिवादीहरु ऐ.ऐ बस्ने वर्ष ३० को दावा दोर्जे लामा ऐ. बस्ने वर्ष १९ को तेन्जिङ भन्ने तेन्जेन लामा,ऐ बस्ने वर्ष १९ को सार्की हेल्मुले कर्तव्य गरी मारी मृतकको पसलमा रहेको १ लाख ६० हजार चाँदीको फार्को २ थान,थाङ्का थान १ बुद्द चित्ताको माला १,NTC को रु १२ हजार रिचार्ज कार्ड समेत चोरी गरी फरार रहेको निज प्रतिवादीहरुलाई खो.त.गर्ने क्रममा २०७८।०७।२१ गते काठमाण्डौ जोरपाटीबाट पक्राउ गरी अनुसन्धान पश्चात मिति २०७८।०८।१६ गते सम्मानित अदालतको आदेशनुसार कारागार चलान भएको।

## जबरजस्ती करणी गर्ने अभियुक्त कारागार चलान

मिति २०७८।०८।०४ गते अं. १९;०० बजेको समयमा जिल्ला भोजपुर, पौवादुङमा गाउंपालिका वडा नं. ५ बिजुवा टोल सानो दुम्मा हुदै शुक्ला, च्याङग्रे, तिवारीभन्ज्याङ आवत जावत गर्ने कच्ची बाटो देखी अं. २०० मिटरमाथी तिर गोरेटो बाटो छेउ नजिकै तिल विक्रम राईको गोठ छेउमा निज प्रतिवादी विरबहादुर पहाडीले बर्ष १६ की सांकेतिक नाम "०७–च" लाई जवरजस्ती करणी गरेको हुंदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी क्षतिपूर्ति समेत दिलाईभराई पाउं भन्ने समेत व्यहोराको निज को जाहेरी दरखास्त प्राप्त भएकोमा मिति २०७८/०८/१७ गतेको सम्मानित भोजपुर जिल्ला अदालत भोजपुरको आदेशानुसार प्रतिवादी विशाल भन्ने वीर बहादुर पहाडीलाई पुर्पक्षको लागि कारागार चलान गरिएको।

## हाडनाता करणी गर्ने अभियुक्त कारागार चलान

मिति २०७८।०६।२८ गते देखि मिति २०७८।०७।२१ गतेसम्म रातको समयमा जिल्ला पाँचथर साबिक स्याबरुम्बा-७ हाल कुम्मायक गा.पा. वडा नं.५ स्थित आफ्नै घरमा प्रतिवादी लक्ष्मण बोहोराले पीडित आफ्नै छोरी बर्ष १३ की कमला बोहोरालाई पटक पटक करणी गरेको अभियोगमा अनुसन्धान पश्चात मिति २०७८।०८।२१ गतेको सम्मानित पाँचथर जिल्ला अदालतको आदेशले प्रतिवादी पुर्पक्षको लागी कारागार चलान भएको।

## कर्तव्य ज्यानका अभियुक्त कारागार चलान

मिति २०७८।०७।०३ गते राती अं. २२:०० बजेको समयमा तिल बहादुर थापाको जाहेरीले निजको सहोदर दाई गोरे भन्ने चन्द्र बहादुर थापालाई प्रतिवादी अशोक पुन र किरण महरा समेतले घरबाट उठाई स्कुटीमा राखी लिई गई जिल्ला कपिलवस्तु बिजयनगर गा.पा. वडा नं. ५ बनगाई स्थित सडकमा लगी कुटपिट गरी कर्तव्य गरी मारी बर्षातको जमेको पानीमा फाली उक्त वारदात पश्चात भागी फरार रहेको हुँदा निजहरुलाई पक्राउ गरी कानुन बमोजिम गरी पाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात मिति २०७८।०८।०९ गते सम्मानित कपिलबस्तु जिल्ला अदालतको आदेशले दुबै जना पुर्पक्षको लागि कारागार चलान भएको।

## जबरजस्ती करणी गर्ने अभियुक्त पुर्पक्षको लागि कारागार चलान

मिति २०७८।०८।०२ गते देखि ऐ. ०४ गते राती अं. २२:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उ.म.न.पा. वडा नं. ११ स्मारक बस्ने सोम बहादुर डिम्डुङको घर भित्र कोठामा जिल्ला मकवानपुर गढी गा.पा. वडा नं. २ घर भई हाल ऐ. हेटौडा उ.म.न.पा. वडा नं. २ मनकामना चोक डेरा गरी बस्ने बर्ष १८ को सम्राट घिमिरेले बर्ष १६ कि बालिकालाई पटक पटक करणी गरेकोले कानुन बमोजिम कारबाही गरी पाउँ भन्ने समेत ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतको मिति २०७८।०९।०१ गतेको आदेशले निज प्रतिवादी सम्राट भन्ने संराठ घिमिरे पुर्पक्षको लागि कारागार कार्यालय भिमफेदी थुनामा पठाईएको।

## कर्तव्य ज्यानका अभियुक्त कारागार चलान

मिति २०७८।७।२८गते रातको २१:०० बजेको समयमा जिल्ला मोरङ बुढिगंगा गा.पा वडा नं.-७ स्थित जिल्ला धनकुटा पाख्रिवास न.पा वडा नं.-४ बस्ने बर्ष २६ को रिजन दाहाललाई पुरानो रिसिवीको कारण प्रतिवादीहरु जिल्ला मोरङ, बुढिगंगा गा. पा वडा नं.-७ बस्ने बर्ष २३ को किशोर लिम्वु , डेगु बहादुर खड्का, जिल्ला मोरङ, बुढिगंगा गा.पा वडा नं.-६ बस्ने बर्ष १६ को सदिप उँराउ ,बर्ष १७ को सुदिप उँराउ समेतले कुटपिट गरी तथा धारिलो खुकुरी प्रहार गरी घाईते बनाई उपचारको क्रममा मृत्यु भएकोमा अनुसन्धान पश्चात सम्मानित मोरङ जिल्ला अदालतको २०७८।८।२६ गतको आदेशले पुपक्षको लागी कारागार तथा वाल सुधार गृहमा पुर्पक्षको लागी राख्न पठाईएको। ।

# अपराध अनूसन्धान विभाग
# नागरिक सूचना एकाई द्वारा प्रकाशित
# मासिक ई-बूलेटिन

सत्य सेवा सुरक्षणम्


**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com  Web: www.cid.nepalpolice.gov.np  मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८